# माउन्टेन हाइड्रो नेपाल लि.

काठमाण्डौ -१३, ताहाचल

फोन नं. ०१-५९०३४४२, E-mail : mountainhydronepal@gmail.com


## दशौं वार्षिक साधारण सभा सम्वन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।०९।०७

आदरणीय शेयरधनी महानुभावहरु,
माउन्टेन हाइड्रो नेपाल लि.को मिति २०८२/०९/०६ मा बसेको संचालक समितिको निर्णय अनुसार कम्पनीको दशौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका बिषयहरु माथि छलफल र निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**बार्षिक साधारण सभा हुने मिति, स्थान र समय :**

मिति : २०८२/०९/२९ गते मगंलबार ।
स्थान : कालिमाटि व्याङ्क्वेट, (कालिमाटी सीता पेट्रोल पम्प सँगै)
समय : ११:०० बजे ।

**छलफलका तथा निर्णयका लागि निर्धारित विषयहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१) अध्यक्षज्युबाट आ.व.२०८१।८२ को कम्पनीको बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो माथि छलफल तथा स्वीकृत गर्ने ।
२) लेखा परिक्षकको प्रतिवेदन सहीतको आ.व.२०८१।८२ को वार्षिक आर्थिक विवरण (वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह लगायतका वित्तिय विवरणहरु) माथि छलफल र स्वीकृत गर्ने ।
३) कम्पनीको आ.व. २०८२।८३ को लागि लेखापरिक्षक नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने ।
४) सञ्चालक नियुक्ती अनुमोदन गर्ने ।

**ख) विषेश प्रस्तावहरुः**

१) कम्पनी ऐन २०६३ को दफा १०५ बमोजिम चुक्ता पुँजीको अतिरिक्त ऋण रकम अनुमोदन गर्ने सम्वन्धमा ।
२) कम्पनी ऐन २०६३ को दफा ६० बमोजिम कम्पनीको खुद सम्पत्ति चुक्ता पुँजीको आधा वा सो भन्दा कम हुन आएकोले आवश्यक रणनिति अनुमोदन गर्ने सम्वन्धमा ।
३) सबै संस्थापक शेयरहरुलाई सर्वसाधारण शेयरमा परिणत भएको कुरा अनुमोदन गर्ने सम्वन्धमा ।

**ग) विविध**

**बार्षिक साधारण सभा सम्वन्धि जानकारीहरु :**

१) दशौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०९/१८ गते (१) एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गर्ने निर्णय गरिएको छ । मिति २०८२/०९/१७ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई सि.डि.एस.एण्ड क्लियरिङ्ग लिमिटेडबाट राफसाफ समेत भई प्रचलित नियमानुसार यस कम्पनीको शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा रहेका शेयरधनी दर्ता किताबमा अद्यावधिक भई कायम हुन आएका शेयरधनीहरु मात्र वार्षिक साधारण सभामा भाग लिन सक्नेछन् ।
२) वार्षिक सभामा भाग लिन आउनुहुने शेयरधनीहरु महानुभावहरुले आफ्नो हितग्राही खाता नं. (BOID) को विवरण सहित आफ्नो परिचय खुल्ने प्रमाण (जस्तैः नागरिकता प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) साथमा लिई आउनु हुन अनुरोध छ ।
३) दशौं वार्षिक साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले कम्पनी ऐनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिकामा रहेको प्रतिनिधी पत्र (प्रोक्सी) फारम अनुसार सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधि नियुक्त गरी कम्पनीको कार्यालयमा पेश गर्नु पर्नेछ । तर प्रतिनिधी नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी गरेमा प्रतिनिधी पत्र स्वतः बदर हुनेछ ।
४) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभाको दिन सभा सुरु हुनु भन्दा अगावै सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्न अनुरोध छ । हाजिरी पुस्तिका १०:३० देखि १२:०० बजे सम्म खुल्ला रहनेछ ।
५) एक भन्दा वढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधी चयन गरिएको १ जनाले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधीले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।
६) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरुमध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्वन्धि कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्य दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा वहसको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित हुनेछ ।
७) कुनै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) लाई मुकरर गरेमा यस कार्यालयमा पहिलो दर्ता भएको प्रतिनिधि(प्रोक्सी)लाई मान्यता दिइनेछ ।
८) वार्षिक साधारण सभा सम्वन्धी अन्य जानकारी आवश्यक भएमा यस कम्पनीको केन्द्रीय कार्यालय ताहचल, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन वा वेवसाईट www.mhnl.com.np मा हेर्नहुन अनुरोध छ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**